## नेपाल नागरिक उड्डयन प्राधिकरणको
## करारमा नियुक्ति गर्ने सम्बन्धी सूचना
प्रकाशन मिति : २०७८/०३/१२

नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृत दरवन्दीमा रिक्त रहेका प्राविधिक सेवा, ए.फा.स.समूह, चौथो तहका सहायक पदहरुमा स्थायी पदपूर्ति भएमा स्वतः हट्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ४.११ बमोजिम बढीमा एक वर्षका लागि करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले प्राधिकरणको Website: WWW.Caanepal.gov.np मा रहेको Online Application Form मार्फत यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त फाराम भर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. **माग गरिएको पदको विवरण :** वि. नं. ००४/करार, सेवाः प्राविधिक, समूहः ए.फा.स., तहः चौथो, पदः सहायक
२. **माग पद संख्या :** १० (दश)
३. **दरखास्त दिने स्थान :** नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन विभाग ।
४. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :** एस.एल.सी. वा सो सरह उत्तीर्ण र नागरिक उड्डयनसंग सम्बन्धित संस्थाबाट उद्धार तथा अग्नि निवारण सम्बन्धी आधारभूत तालीम प्राप्त ।
५. **दरखास्त दिने अन्तिम मिति :** २०७८/०३/२७ गते कार्यालय समय भित्र ।
६. **परीक्षाको किसिमः** प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।
७. **परीक्षा केन्द्र र परीक्षा मिति :** त्रि.अ.वि. फायर स्टेशन । २०७८।०३।२९ गते, विहान ११.०० बजे ।
प्रयोगात्मक परीक्षामा उत्तिर्ण हुने उम्मेदवारहरुको अन्तर्वार्ता मिति २०७८ असार ३० गते विहान ०७.०० बजे प्राधिकरण प्रधान कार्यालयमा हुनेछ ।
८. **परीक्षा दस्तुर :** रु. ४००।- (चार सय) र **दरखास्त फाराम दस्तुर :** रु. १००।- (एक सय)
९. **फाराम दस्तुर र परीक्षा दस्तुर जम्मा गर्नुपर्ने :** एनएमबि बैंकको जुनसुकै शाखा कार्यालहरुमा रहेको यस प्राधिकरणको खाता नं. 0010012611500043 मा आवेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी रकम जम्मा गर्ने र सो को भौचर Online Application Form मा Upload गर्नुपर्नेछ ।
१०. **उमेरको हदः** पुरुषको हकमा १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।
११. **तलव सुविधा :** प्राधिकरणको नियमानुसार हुनेछ ।
१२. दरखास्त फारामसाथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र (उमेर खुलेको), आफुले प्राप्त गरेको उद्धार तथा अग्नि निवारण सम्बन्धी आधारभूत तालीमका प्रमाणित प्रतिलिपिहरुका साथै विज्ञापनसंग सम्वन्धित पदको दरखास्त दस्तुर बुझाएको नगदी रसिद समेत Upload गर्नुपर्नेछ ।
१३. विदेशी वोर्डको शैक्षिक योग्यता प्राप्त गरेका उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।
१४. यस सम्बन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागमा बुझ्न सकिनेछ ।